लेखाव्यवसायी संस्था (फर्म) सम्बन्धी कार्यविधि, २०७९ (पहिलो संशोधन २०८३)[1]

(जारी मिति : २०७९/०४/०५)

(पहिलो संशोधन जारी मिति : २०८३/०३/२९)

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा २८क तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को परिच्छेद ६ मा भएको लेखाव्यवसायी संस्था (फर्म) सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्न तथा ऐनको उद्देश्य पुरा गर्नको लागि समेत लेखाव्यवसायी फर्मका सम्बन्धमा स्पष्ट व्यवस्था गर्न उपयुक्त हुने देखिएकोले नेपाल चार्टर्ड एकाउन्टेन्टस ऐन, २०५३ को दफा ११(य) बमोजिम परिषदबाट लेखाव्यवसायी संस्था (फर्म) कार्यविधि २०७९ लाई परिमार्जन गरी "लेखाव्यवसायी संस्था (फर्म) सम्बन्धी कार्यविधि, २०७९ जारी गरिएको छ । **यस कार्यविधिको पहिलो संशोधन परिषदको मिति २०८३ असार २० गते बसेको परिषदको ३६९ औं बैठकबाट पारित गरी जारी गरिएको छ ।**[2]

खण्ड १

प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम ‘‘लेखाव्यवसायी संस्था (फर्म) सम्बन्धी कार्यविधि, २०७९ (**पहिलो संशोधन २०८३**)[3]’’ रहेको छ ।

(ख) यो कार्यविधि परिषद्ले पारित गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,

(क) ‘‘ऐन’’ भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ सम्झनु पर्दछ ।

(ख) ‘‘नियमावली’’ भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ सम्झनु पर्दछ ।

(ग) ‘‘संस्था’’ भन्नाले ऐनको दफा ३ बमोजिम गठन भएको नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थालाई सम्झनु पर्दछ ।

[1] पहिलो संशोधनद्धारा संशोधित

[2] पहिलो संशोधनद्धारा संशोधित

[3] पहिलो संशोधनद्धारा संशोधित

(घ) ‘‘कार्यविधि’’ भन्नाले ‘‘लेखाव्यवसायी संस्था (फर्म) सम्बन्धी कार्यविधि, २०७९ (**पहिलो संशोधन २०८३**)[4]’’ लाई सम्झनु पर्दछ ।

(ङ) ‘‘परिषद्’’ भन्नाले ऐनको दफा ७ बमोजिम गठित परिषद् सम्झनु पर्दछ ।

(च) ‘‘कार्यकारी निर्देशक’’ भन्नाले ऐनको दफा ३८ बमोजिम नियुक्त भएको कार्यकारी निर्देशक सम्झनु पर्दछ ।

(छ) ‘‘लेखाव्यवसायी संस्था वा फर्म’’ भन्नाले नियमावलीको नियम ५७(१) बमोजिम दर्ता भएको एकल वा साझेदारी फर्मलाई सम्झनु पर्दछ ।

(ज) ‘‘सदस्य’’ भन्नाले ऐनको दफा २(छ) बमोजिमको व्यक्तिलाई सम्झनु पर्दछ ।

(झ) ‘‘एकल फर्म’’ भन्नाले एक जना मात्र व्यक्ति रही दर्ता भएको लेखाव्यवसायी संस्थालाई सम्झनु पर्दछ ।

(ञ) ‘‘साझेदारी फर्म’’ भन्नाले दुई वा दुईभन्दा बढी **र बीस जना सम्म**[5] साझेदार रही दर्ता भएको लेखाव्यवसायी संस्था सम्झनु पर्दछ ।

(ट) ‘‘साझेदार’’ भन्नाले पेशागत प्रमाणपत्र प्राप्त सदस्यले लेखाव्यवसाय संचालन गर्नको लागि नियम ५७ (१) बमोजिम दर्ता भएको साझेदारी फर्मको हिस्सेदार सम्झनु पर्दछ ।

(ठ) ‘‘**विभाग**’’ भन्नाले संस्थाको **स्वीकृत संगठन संरचना अन्तर्गतको सदस्य सेवा तथा संस्थागत सम्बन्ध विभाग सम्झनु पर्दछ**[6] ।

(ड) ‘‘विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्था’’ भन्नाले अन्तराष्ट्रिय लेखाव्यवसायी महासंघमा आवद्ध भएको **विदेशमा**[7] दर्ता भएको लेखाव्यवसायी संस्थालाई जनाउनेछ । सो शब्दले स्वदेश तथा विदेशमा कानून बमोजिम दर्ता भएका लेखा व्यवसायी संस्थाहरु सदस्य रहने गरी लेखा व्यवसायको विकास, संरक्षण र सम्बर्द्धन गर्न विदेशमा दर्ता भएका एलाएन्स, नेटवर्किङ्ग फर्म तथा फोरम अफ् फर्म समेतलाई जनाउनेछ ।

[4] पहिलो संशोधनद्धारा संशोधित

[5] पहिलो संशोधनद्धारा संशोधित

[6] पहिलो संशोधनद्धारा संशोधित

[7] पहिलो संशोधनद्धारा संशोधित

खण्ड २

लेखाव्यवसायी संस्था (फर्म) दर्ता तथा नविकरण

३. लेखाव्यवसायी संस्था (फर्म) दर्ताको लागि निवेदन दिनुपर्ने

(१) सदस्यता र पेशागत प्रमाणपत्र अद्यावधिक भएका र परिषद्बाट लेखा व्यवसाय गर्न रोक नलागेका सदस्यहरुले लेखाव्यवसायी संस्था (फर्म) दर्ता गराउनका लागि नियमावलीको नियम ५७ (२) मा तोकिएको अनुसूची सहित देहायका कागजातहरुको प्रतिलिपि राखी संस्थामा निवेदन दिनु पर्नेछ ।

(क) फर्मको पूरा नाम,

(ख) फर्मको कारोवार गर्ने मुख्य ठेगाना,

(ग) प्रोप्राइटर वा साझेदारहरुको पूरा नाम, थर, स्थायी ठेगाना र पत्राचार गर्ने ठेगाना

(घ) प्रस्तावित पूँजी,

(ङ) सदस्यको नागरिकता वा पासपोर्टको प्रतिलिपि ।

(च) सदस्यता तथा पेशागत प्रमाणपत्रको प्रतिलिपि ।

(छ) सदस्यता तथा पेशागत प्रमाणपत्र नवीकरणको निस्साको प्रतिलिपि ।

(ज) साझेदारी फर्मको हकमा साझेदारहरुबीच भएको अनुसूची २ बमोजिमको साझेदारी सम्झौता पत्र (पार्टनरशीप डीड) ।

(झ) ....**हटाइएको ।**[8]

(ञ) परिषद्ले समय समयमा तोके बमोजिमका अन्य कागजात ।

(ट) ....**हटाइएको** ।[9]

(२) लेखाव्यवसायी संस्था (फर्म) दर्ता तथा नवीकरण दस्तुर

(क) लेखाव्यवसायी संस्था (फर्म) दर्ता तथा नवीकरण गर्दा लाग्ने दस्तुर नियमावलीको अनुसूचि ४ मा तोकिए बमोजिम हुनेछ ।

(ख) एकल फर्मबाट साझेदारी फर्ममा वा साझेदारी फर्मबाट एकल फर्ममा परिणत गर्दा फर्मको नाम परिवर्तन गरे पनि वा नगरे पनि नयाँ फर्म दर्ता सरहको दस्तुर लाग्नेछ ।

---

[8] पहिलो संशोधनद्धारा खारेज

[9] पहिलो संशोधनद्धारा खारेज

(ग) साझेदारी फर्ममा साझेदारहरु थप, घट वा दुवै हुँदा फर्मको नाम परिवर्तन गरे पनि वा नगरे पनि नविकरण गर्दा सरहको दस्तुर लाग्नेछ ।

(घ) फर्मको नाम मात्र परिवर्तन गर्दा नविकरण गर्दा सरहको दस्तुर लाग्नेछ । यस्तो अवस्थामा पुरानो नाम स्वतः खारेज भएको मानिनेछ र फर्म दर्ता नम्बर साविककै कायम रहनेछ ।

(ङ) विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थासँग आवद्धता लिन तथा नविकरण गर्दा लाग्ने शुल्क **नियमावलीको अनुसूचि ४**[10] मा तोकिए बमोजिम हुनेछ ।

४. लेखाव्यवसायी संस्थाको दर्ताः

(क) उपकार्यविधि ३ (१) बमोजिमको दरखास्त परेपछि **विभागल**[11]ले आवश्यक जाँचबुझ गरी लेखाव्यवसायी संस्था दर्ता गर्न मनासिव देखेमा **कार्यकारी निर्देशक मार्फत कार्यकारिणी समिति समक्ष सिफारिस गर्नेछ**[12] ।

(ख) उपकार्यविधि ३ (१) बमोजिम पेश भएको कागजात कार्यकारी निर्देशकबाट स्वीकृत भएमा कार्यविधि ३ (२) बमोजिमको शुल्क लिई विभागमा रहेको दर्ता किताबमा सो फर्म दर्ता गरी नियमावलीको नियम ५९ मा तोकिएको अनुसूचीको ढांचामा दरखास्त परेको मितिले १५ दिन भित्र फर्म दर्ता भएको प्रमाणपत्र प्रदान गर्नुपर्नेछ ।

(ग) यस कार्यविधि बमोजिम फर्म दर्ता गर्न नमिल्ने भएमा सोको निर्णय गरी निर्णय भएको मितिले ७ दिन भित्र दर्ता हुन नसकेको कारण सहित सम्बन्धित दरखास्तवालालाई जानकारी दिनुपर्नेछ ।

५. लेखाव्यवसायी फर्मको नविकरण

दर्ता भएको लेखाव्यवसायी फर्म जुन आर्थिक बर्षमा दर्ता भएको हो सोही आर्थिक बर्षको अन्त्यसम्म कायम रहने भएकोले त्यस्तो फर्म नविकरण गराउन चाहेमा नियमावलीको नियम ५९ (३) र (४) बमोजिम नवीकरण गराउनको लागि देहाय बमोजिमको कागजातहरु संलग्न गरी संस्थाले तोकेको माध्यमद्धारा निवेदन दिनुपर्नेछ ।

(क) लेखाव्यवसायी फर्मको करचुक्ता प्रमाणपत्र ।

तर प्रचलित आयकर ऐन बमोजिम आय विवरण बुझाउनु पर्ने अन्तिम मिति भन्दा अगावै लेखाव्यवसायी फर्म नविकरण गर्न निवेदन दिएको अवस्थामा सो भन्दा अघिल्लो आर्थिक वर्षको लेखाव्यवसायी फर्मको कर चुक्ता प्रमाणपत्र पेश गर्न सकिनेछ ।

[10] पहिलो संशोधनद्धारा संशोधित

[11] पहिलो संशोधनद्धारा संशोधित

[12] पहिलो संशोधनद्धारा संशोधित

माथि खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि नवीकरणको लागि पेश गरिएको आर्थिक वर्षको अघिल्लो आर्थिक वर्षमा दर्ता भएका नयां लेखा व्यवसायी फर्मको हकमा स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि पेश गरी नवीकरण गर्न बाधा पुगेको मानिने छैन ।

(ख) प्रोप्राइटर वा सबै साझेदारहरुबाट आचार संहिता विपरीत कुनै कार्य नगरेको स्व:घोषणा संस्थाले तोकेको ढांचामा दिनु पर्नेछ ।

(ख१) साझेदारी लेखाव्यवसायी फर्मको सन्दर्भमा प्रत्येक साझेदारले लेखाव्यवसायी फर्मको कर चुक्ता प्रमाणपत्र पेश गरी आफ्नो पेशागत प्रमाणपत्र नविकरण भए पश्चात् मात्र साझेदारी लेखाव्यवसायी फर्मको नविकरणको प्रकृया अगाडि बढाउन सकिनेछ ।[13]

(ग) सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन २०७८ बमोजिम पेश गर्नुपर्ने विवरण तथा प्रतिवेदन संस्थाले तोकेको ढाँचा तथा माध्यमबाट पेश गर्नुपर्नेछ ।[14]

खण्ड ३

लेखाव्यवसायी संस्था (फर्म) को नाम सम्बन्धी

६. एकल फर्मको नाम छनौट:

(क) नियम ५८(१) र (२) को अधिनमा रही एकल फर्मको नाम **फर्म धनीको नाम वा थर वा सोको पहिलो अक्षरबाट राख्न सकिने छ ।**[15]

(ख) **फर्मको नाममा सदस्यको बीचको नाम वा सोको पहिलो अक्षर समेत राख्नु परेमा पहिलो नाम वा सोको पहिलो अक्षर सँगै राख्नुपर्नेछ ।**[16]

(ग) उपरोक्त अनुसार नाम, बीचको नाम र थरको पहिलो अक्षर भन्नाले अंग्रेजी वर्णमाला अनुसारको अक्षरलाई सम्झनुपर्दछ ।[17]

[13] पहिलो संशोधनद्धारा थप

[14] पहिलो संशोधनद्धारा थप

[15] पहिलो संशोधनद्धारा संशोधित

[16] पहिलो संशोधनद्धारा थप

[17] पहिलो संशोधनद्धारा थप

७. साझेदारी फर्मको नाम छनौटः

(क) नियम ५८(१) र (२) को अधिनमा रही साझेदारी फर्मको नाम **एक जना साझेदार वा केही वा सबै साझेदारहरुको नाम वा थर वा सोको पहिलो अक्षरबाट राख्न सकिने छ।** [18]

(ख) तर एउटा साझेदारको नाम र अर्को साझेदारको थरबाट नाम राख्न सकिने छैन ।

(ग) साविकको नाम पुर्व साझेदारको नाम वा थर बाट राखिएको भएता पनि साझेदारहरुबीच सहमति भएमा सो नामलाई कायम राख्न बाधा पर्ने छैन ।

(घ) एक भन्दा बढी साझेदारको नाम, थर वा सो को पहिलो अक्षर प्रयोग गर्दा बीचमा "एण्ड" "&" राख्न सकिनेछ ।[19]

(ङ) उपरोक्त अनुसार नाम र थरको पहिलो अक्षर भन्नाले अंग्रेजी वर्णमाला अनुसारको अक्षरलाई सम्झनुपर्दछ ।[20]

(च) यसरी नाम राख्दा वर्णमाला अनुसारको अक्षरहरुलाई छुट्टयाई वा नछुट्टयाइ आवश्यकता अनुसार व्यवस्था गर्न सकिनेछ ।[21]

८. लेखाव्यवसायी संस्थाको नाम राख्न नमिल्ने

(क) संस्थामा पहिले नै दर्ता भइराखेको अन्य लेखा व्यवसायी फर्मको नाम वा नामको आशयसंग मिल्दोजुल्दो हुने गरी फर्मको नाम राख्नु हुँदैन ।

(ख) ....**(हटाइएको)** ।[22]

(ग) लेखाव्यवसायी फर्मको नाम पछि "एण्ड एसोसिएट्स" वा "एसोसिएट्स" राख्न सकिनेछ । सो बाहेक अन्य कुनै अक्षर वा शब्द राख्न पाइने छैन ।

(घ) "लेखापरीक्षण", "अडिट" जस्ता शब्दहरु लगायत नियमावलीको नियम (५७), (५८) र नियम (६१) को प्रतिकुल हुनेगरी असम्बन्धित शब्दहरु राखी फर्म दर्ता गर्न सकिने छैन ।

(ङ) कुनै फर्म नियमावलीको नियम ६० बमोजिम खारेज भएको मितिले पाँच बर्षभित्र पुनः दर्ता नभएको अवस्थामा मात्र नयाँ निवेदकको नाममा उक्त फर्मको नाम राखी फर्म दर्ता गर्न सकिनेछ ।

[18] पहिलो संशोधनद्वारा संशोधित

[19] पहिलो संशोधनद्वारा थप

[20] पहिलो संशोधनद्वारा थप

[21] पहिलो संशोधनद्वारा थप

[22] पहिलो संशोधनद्वारा खारेज

९. नाम परिवर्तन

(क) संस्थालाई फर्मको नाम असम्बन्धित, प्रचलित कानुन, सामाजिक मर्यादा र आचार संहिता विपरित छ भन्ने लागेमा उक्त नाम परिवर्तन गर्न निर्देशन दिन सक्नेछ ।

(ख) भुलवश फर्मका नामहरु दोहरिन गएको पाइएमा पछि दर्ता भएको नामलाई परिवर्तन गर्न संस्थाले सम्बन्धित व्यक्तिलाई निर्देशन दिन सक्नेछ । सो निर्देशन पाएको मितिले पैंतिस दिन भित्र सम्बन्धित व्यक्तिले नाम परिवर्तन गर्नका लागि संस्थामा निवेदन दिनु पर्नेछ ।

(ग) उपकार्यविधि (क) वा (ख) बमोजिम निवेदन प्राप्त भएमा वा आफ्नै स्वेच्छाले नाम परिवर्तन गर्नको लागि निवेदन प्राप्त भएमा नियमावली तथा यस कार्यविधि बमोजिम फर्मको नाम परिवर्तन गरी फर्मको दर्ता नम्बर साविक बमोजिमकै हुने गरी फर्म दर्ता प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

खण्ड ४

एकल लेखाव्यवसायी फर्मबाट साझेदारी लेखाव्यवसायी फर्म तथा साझेदारी लेखाव्यवसायी फर्मबाट एकल लेखाव्यवसायी फर्ममा परिणत हुने र लेखाव्यवसायी फर्महरु गाभ्ने वा गाभिने सम्बन्धी व्यवस्था

१०. एकल लेखाव्यवसायी फर्मबाट साझेदारी लेखाव्यवसायी फर्म तथा साझेदारी लेखाव्यवसायी फर्मबाट एकल लेखाव्यवसायी फर्ममा परिणत हुनेः

(क) एकल लेखाव्यवसायी फर्मलाई साझेदारी लेखाव्यवसायी फर्ममा वा साझेदारी लेखाव्यवसायी फर्मलाई एकल लेखाव्यवसायी फर्ममा परिणत गर्न कारण खुलाई नियम ६२(६) बमोजिम प्रस्तावित फर्मको नाम सहित **त्यस्तो काम गरेको मितिले पैंतीस दिनभित्र**[23] संस्थामा निवेदन दिनु पर्नेछ ।

(ख) उप कार्यविधि (क) बमोजिम निवेदन प्राप्त भएमा **विभाग**[24]ले प्रस्तावित फर्मको नाम नियमावली तथा यस कार्यविधि बमोजिम भएको पाइएमा तथा सम्बन्धित कानुनी व्यवस्था बमोजिम परिणत गर्न मिल्ने देखिएमा निवेदन बमोजिमको फर्म परिणत गरी फर्मको दर्ता नम्बर साविक बमोजिम नै हुने गरी नियमावली बमोजिमको फर्म दर्ता प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(ग) उपकार्यविधि (ख) बमोजिम एकल लेखाव्यवसायी फर्म साझेदारी फर्ममा परिणत भए पछि साझेदारी भङ्ग भएमा पुनः जुन व्यक्तिको नाउँबाट उक्त फर्म एकल

---

[23] पहिलो संशोधनद्वारा संशोधित

[24] पहिलो संशोधनद्वारा संशोधित

लेखाव्यवसायी फर्मको रुपमा दर्ता भएको थियो सोही व्यक्तिले संचालन गर्ने गरी एकल लेखाव्यवसायी फर्ममा परिणत गर्नका लागि निवेदन पर्न आएमा एकल लेखाव्यवसायी फर्मको रुपमा दर्ता गरी फर्मको दर्ता नम्बर साविक बमोजिम नै हुने गरी नियमावली बमोजिमको फर्म दर्ता प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

१०क. लेखाव्यवसायी संस्था गाभ्ने वा गाभिन सक्ने :[25]

१. संस्थामा दर्ता भएका कुनै दुई लेखाव्यवसायी संस्थाहरु एक आपसमा गाभ्न वा गाभिनको लागि निवेदन दिन सक्नेछन् ।

२. उपविनियम १ बमोजिम गाभिएर बनेको लेखाव्यवसायी संस्था छुट्टाभिन्न हुन चाहेमा छुट्टाभिन्न हुनको लागि निवेदन दिन सक्नेछन् ।

३. उपकार्यविधि १ र २ अनुसार गाभ्न, गाभिन वा छुट्टाभिन्न हुन निवेदन पेश गर्दा तोकिए बमोजिमको शूल्क लाग्नेछ ।

४. गाभ्न, गाभिन वा छुट्टाभिन्न हुने सम्बन्धमा संस्थाको कार्यकारिणी समितिले स्वीकृति प्रदान गर्न सक्नेछ ।

५. उपकार्यविधि १ र २ बमोजिम लेखाव्यवसायी संस्थाहरु एक आपसम गाभ्ने, गाभिने र छुट्टाभिन्न हुने सम्बन्धमा विस्तृत विधि तथा प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

खण्ड ५

फर्म खारेज हुने

११. (१)देहायको कुनै अवस्थामा लेखाव्यवसायी संस्था(फर्म) को दर्ता खारेज हुनेछ ।

(क) ....**(हटाइएको)**

(ख) एकल फर्मका धनीले वा साझेदारी फर्म भए सबै सदस्यहरुले फर्म खारेज गर्न संयुक्त निवेदन दिएमा,

(ग) परिषद्बाट दर्ता खारेज गर्ने आदेश भएमा,

(घ) सदस्यको सदस्यता वा पेशागत प्रमाणपत्र वा दुवै रद्द भएको अवस्थामा,

(ङ) साझेदारी फर्मको हकमा सबै साझेदारहरुको नाम सदस्यता दर्ता किताबबाट हटाइएमा वा निजहरुको पेशागत प्रमाणपत्र रद्ध गर्ने निर्णय भएमा ।

[25] पहिलो संशोधनद्वारा थप

तर कुनै एक जना साझेदारको सदस्यता वा पेशागत प्रमाणपत्र वा दुवै रद्द भएको अवस्थामा बांकी साझेदारहरुले उक्त फर्म कायम राख्नका लागि नयाँ साझेदारी सम्झौता पत्र पेश गर्नु पर्नेछ ।

(२) साझेदारहरुमध्ये एक जना बाहेक सवै साझेदारले फर्म त्याग गरेमा एक जना साझेदारले एकल फर्म वा अन्य पेशागत प्रमाणपत्र प्राप्त सदस्य सँग मिलेर नियमावली तथा यस कार्यविधि बमोजिम साझेदारी फर्म दर्ता गराउन सक्नेछ ।

खण्ड ६

विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थासँगको आवद्धता सम्बन्धी

१२. निवेदन दिनु पर्नेः

(क) लेखाव्यवसायी संस्था (फर्म)ले विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थासँग आवद्धता लिन चाहेमा देहाय बमोजिमको कागजात सहित अनुसूची १ बमोजिम संस्थामा निवेदन दिनुपर्नेछ ।

(१) प्रस्तावित लेखाव्यवसायी संस्था (फर्म) र विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थाबीच भएको सहमति वा सम्झौता **पत्र वा सदस्यता प्रमाणपत्र वा सदस्यता प्राप्त गरेको पत्र ।**[26]

(२) विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्था विदेशको कानुन बमोजिम दर्ता भएको आधिकारिक प्रमाण ।

(३) एलाएन्स, नेटवर्किङ्ग फर्म तथा फोरम अफ़ फर्मको सदस्य रहेको वा अन्य कुनै रुपमा सम्बन्ध रहेको आधिकारीक प्रमाण ।

(४) विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थाको प्रोफाइल । **प्रोफाइलमा संस्थाको (पृष्ठभूमि, स्थापना, रजिष्टर्ड कार्यालय, कार्यक्षेत्र, सदस्य सम्बन्धी जानकारी तथा अन्य महत्वपूर्ण विषयवस्तू) समावेश गर्नुपर्ने ।**[27]

(ख) उपकार्यविधि (क) बमोजिमको निवेदन मनासिव देखेमा **विभागले**[28] आवश्यक जाँचबुझ गरी **कार्यकारिणी समितिमा पेश गर्नुपर्नेछ ।**[29] कार्यकारिणी समितिले विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थासंगको आवद्धता सम्बन्धमा आवश्यक स्वीकृतिको लागि परिषद्मा पेश गर्न सक्नेछ ।

[26] पहिलो संशोधनद्धारा संशोधित

[27] पहिलो संशोधनद्धारा संशोधित

[28] पहिलो संशोधनद्धारा संशोधित

[29] पहिलो संशोधनद्धारा संशोधित

(ग) उपकार्यविधि (ख) बमोजिम परिषदमा पेश भई स्वीकृत भएमा लेखाव्यवसायी फर्मले **परिषद्ले तोकेको**[30] शुल्क बुझाउनु पर्नेछ । **यसरी प्राप्त गरेको आवद्धताको नविकरण नियमावलीको व्यवस्था बमोजिम गर्नुपर्नेछ । तोकिएको समय भित्र नविकरण नगरेमा आवद्धता खारेज हुनेछ र पुनः आवद्धता लिन चाहेमा नयाँ आवद्धता सरहको प्रक्रिया पुरा गर्नुपर्नेछ ।**[31]

(घ) लेखाव्यवसायी फर्मले विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थासंगको आबद्धता त्याग गर्न चाहेमा सो को जानकारी संस्थालाई दिएको मितिबाट उक्त आबद्धता स्वतः खारेज हुनेछ ।

(ङ) लेखाव्यवसायी फर्मले आबद्धता त्याग गरी पूनः सोही विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थासंग आबद्धता लिन चाहेमा नयां आबद्धता सरहको प्रक्रियापूरा गर्नु पर्नेछ ।

(च) यस कार्यविधि बमोजिम आवद्धताको लागि अनुमति प्राप्त लेखाव्यवसायी फर्मले देहाय बमोजिमको शव्दहरु मात्र प्रयोग गर्न सक्नेछ ।

(१) **नियमावलीको नियम ४५(७) मा उल्लेख गरे बमोजिम फर्मको लेटरप्याड, भिजिटिङ्ग कार्ड, वेबसाइट, साइनबोर्ड तथा अन्य कागजातमा त्यस्तो लेखाव्यवसायी संस्थाको सम्बन्ध झल्कने आवश्यक शब्द, वाक्य वा लोगो प्रयोग गर्न सक्नेछ ।**[32]

(२) नेपालको राष्ट्रियता, अखण्डता तथा सार्वभौमिकता माथि आँच नपुग्ने गरी संस्थाले अनुमति दिएका अन्य सम्बन्धित शव्द ।

…………**(प्रतिबन्धित व्यवस्था हटाइएको)**[33]

(छ) लेखाव्यवसायी फर्मले एकै समयमा एउटा मात्र विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थाको आवद्धता लिन सक्नेछ ।

(ज) देहायको अवस्थामा विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थासँगको आवद्धता खारेज हुन सक्नेछ । ।

(१) दुई पक्षवीच भएको सम्झौतामै निश्चित अवधिको लागि सम्झौता भएकोमा उक्त अवधि समाप्त हुनु भन्दा अगावै विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थासंगको आवद्धता नवीकरण भएको प्रमाण संस्थामा पेश नगरेमा ।

30 पहिलो संशोधनद्धारा संशोधित

31 पहिलो संशोधनद्धारा संशोधित

32 पहिलो संशोधनद्धारा संशोधित

33 पहिलो संशोधनद्धारा खारेज

(२) सम्झौताको अवधि पुरा नहुँदै दुई पक्षवीचको उक्त सम्झौता विभिन्न कारणबश भंग भएको अवस्थामा ।

(३) ....**(हटाइएको)**[34] फर्म खारेज भएमा वा संस्थाले लेखाव्यवसाय गर्न रोक लगाएको अवस्थामा ।

(४) स्थानीय फर्मका सबै साझेदारहरुले आवद्धता खारेज गर्न निवेदन दिएमा ।

(५) विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थाले आवद्धता खारेज गर्न संस्थालाई जानकारी गराएमा ।

(६) विदेशी लेखा व्यवसायी संस्था वा सम्बन्धित नियमनकारी निकायले विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थालाई कारवाही गरी काम गर्न रोक लगाएमा ।

(ञ) विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थासँग आवद्धता लिन त्यस्तो विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थाको देहाय बमोजिमको योग्यता भएको हुनुपर्नेछ ।

(१) विदेशमा दर्ता भएको ५ वर्ष पुरा भएको

(२) एलाएन्स वा नेटवर्किङ्ग फर्मको हकमा कम्तिमा २० वटा लेखाव्यवसायी फर्म आवद्ध भएको,

(३) नेटवर्किङ्ग फर्म वा एलाइन्स वा फोरम अफ फर्ममा आवद्ध फर्महरुमा भएका जनशक्ति मध्ये कम्तिमा १०० जना लेखाव्यवसायी (Professional Accountants) भएको,

(४) नेटवर्किङ्ग फर्म वा एलाइन्स वा फोरम अफ फर्ममा आवद्ध फर्महरुको वार्षिक कम्तिमा बीस लाख अमेरीकन डलर बराबरको कारोवार भएका,

विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थाले खण्ड (२), (३) **र (४)**[35] बमोजिम भएको कुरा स्वःघोषणा गरेको हुनुपर्नेछ ।

(ट) विदेशी आवद्धता लिंदा सम्झौतामा आवद्धता लिने लेखाव्यवसायी फर्मको गुणस्तर अभिवृद्धिको व्यवस्था गरेको हुनु पर्नेछ र

(ठ) संस्थाले यस कार्यविधि बमोजिम विदेशमा दर्ता भएका लेखाव्यवसायी संस्थाको आवद्धता लिने लेखाव्यवसायी फर्मको वार्षिक रुपमा गुणस्तर आश्वस्तता परीक्षण गर्न सक्नेछ ।

[34] पहिलो संशोधनद्वारा खारेज

[35] पहिलो संशोधनद्वारा संशोधित

खण्ड ६क[36]

स्वदेशी लेखाव्यवसायी संस्थासँगको आवद्धता सम्बन्धी

१२क. निवेदन दिनु पर्नेः

(क) लेखाव्यवसायी संस्था (फर्म) ले संस्थामा साझेदारी फर्मका रुपमा दर्ता भएको कुनै अर्को लेखाव्यवसायी संस्थासँग आवद्धता लिन चाहेमा देहाय बमोजिमको कागजात सहित अनुसूची १क बमोजिम संस्थामा निवेदन दिनुपर्नेछ ।

(१) आवद्धता लिन चाहने लेखाव्यवसायी संस्था (फर्म) र आवद्धता दिन चाहने अर्को लेखाव्यवसायी संस्थाबीच भएको सहमति वा सम्झौता पत्र ।

(२) दुवै लेखाव्यवसायी संस्थाले यस संस्थाबाट प्राप्त गरेको लेखाव्यवसायी संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

(३) दुबै लेखाव्यवसायी संस्थाले यस संस्थाबाट प्राप्त गरेको लेखाव्यवसायी संस्था दर्ता प्रमाणपत्र नविकरण गरेको प्रमाण ।

(४) आवद्धता लिन चाहिएको लेखाव्यवसायी संस्थाको प्रोफाइल । प्रोफाइलमा संस्थाको (पृष्ठभूमि, स्थापना, रजिष्टर्ड कार्यालय, विदेशी लेखाव्यवसायी संस्थासँग आबद्ध भएकोमा सो सम्बन्धी जानकारी, साझेदारहरु, कर्मचारी संख्या , कार्यक्षेत्र, व्यावसयिक सेवाको प्रकृति तथा अन्य महत्वपूर्ण विषयवस्तु समावेश गर्नुपर्ने) ।

(ख) उपकार्यविधि (क) बमोजिमको निवेदन मनासिव देखेमा विभागले आवश्यक जाँचबुझ गरी कार्यकारिणी समितिमा स्वीकृतिको लागि पेश गर्नुपर्नेछ । कार्यकारिणी समितिले संस्थामा दर्ता भएको लेखाव्यवसायी संस्थासंगको आवद्धता सम्बन्धमा आवश्यक स्वीकृतिको लागि परिषद्मा सिफारिस गर्न सक्नेछ ।

(ग) उपकार्यविधि (ख) बमोजिम परिषद्मा पेश भई स्वीकृत भएमा आवद्धता लिन चाहने लेखाव्यवसायी फर्मले परिषदले तोकेको शुल्क बुझाउनु पर्नेछ । यसरी प्राप्त गरेको आवद्धताको वार्षिक नविकरण नियमावलीको नियम ५९(७) मा उल्लेख गरे बमोजिम गर्नुपर्नेछ । तोकिएको समय भित्र नविकरण नगरेमा आवद्धता खारेज हुनेछ र पुनः आवद्धता लिन चाहेमा नयाँ आवद्धता सरहको प्रक्रिया पुरा गर्नुपर्नेछ ।

(घ) आवद्धता लिने लेखाव्यवसायी फर्मले संस्थामा दर्ता भएको अर्को लेखाव्यवसायी संस्थासंगको आबद्धता त्याग गर्न चाहेमा सोको जानकारी संस्थालाई दिएको मितिबाट उक्त आबद्धता स्वतः खारेज हुनेछ ।

[36] पहिलो संशोधनद्वारा थप

(ङ) लेखाव्यवसायी फर्मले आबद्धता त्याग गरी पूनः सोही लेखाव्यवसायी संस्थासंग आबद्धता लिन चाहेमा नयां आबद्धता सरहको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(च) यस कार्यविधि बमोजिम आवद्धताको लागि अनुमति प्राप्त लेखाव्यवसायी फर्मले देहाय बमोजिमको शव्दहरु मात्र प्रयोग गर्न सक्नेछ ।

(१) नियमावलीको नियम ४५(७) मा उल्लेख गरे बमोजिम फर्मको लेटरप्याड, भिजिटिङ्ग कार्ड, वेबसाइट, साइनबोर्ड तथा अन्य कागजातमा त्यस्तो लेखा व्यवसायी संस्थाको सम्बन्ध झल्कने आवश्यक शब्द, वाक्य वा लोगो प्रयोग गर्न सक्नेछ ।

(२) नेपालको राष्ट्रियता, अखण्डता तथा सार्वभौमिकता माथि आँच नपुग्ने गरी संस्थाले अनुमति दिएका अन्य सम्बन्धित शव्द ।

(छ) लेखाव्यवसायी फर्मले एकै समयमा एउटा मात्र स्वदेशी वा विदेशी लेखाव्यवसायी संस्थाको आवद्धता लिन सक्नेछ । आबद्धता लिइने लेखाव्यवसायी संस्था नियमावली ५७ (१) बमोजिमको साझेदारी फर्म मात्र हुन सक्नेछ ।

(ज) देहायको अवस्थामा लेखाव्यवसायी संस्थासँगको आवद्धता खारेज हुनेछ ।

(१) लेखाव्यवसायी संस्थासंगको आवद्धता नवीकरण नगरेमा ।

(२) सम्झौताको अवधि पुरा नहुँदै दुई पक्षवीचको उक्त सम्झौता विभिन्न कारणवश भंग भएको अवस्थामा ।

(३) आवद्धता प्राप्त गर्ने वा दिने फर्म खारेज भएमा वा संस्थाले लेखाव्यवसाय गर्न रोक लगाएको अवस्थामा ।

(४) आवद्धता प्राप्त गर्ने फर्मका सबै साझेदारहरुले आवद्धता खारेज गर्न निवेदन दिएमा ।

(५) संस्थामा दर्ता भएको आवद्धता दिने लेखाव्यवसायी संस्थाले आवद्धता खारेज गर्न संस्थालाई जानकारी गराएमा ।

(झ) संस्थामा दर्ता भएको लेखाव्यवसायी संस्थासँग आवद्धता लिन त्यस्तो लेखाव्यवसायी संस्थाको देहाय बमोजिमको योग्यता भएको हुनुपर्नेछ ।

(१) संस्थामा दर्ता भएको ५ वर्ष पुरा भएको

(२) आवद्धता प्रदान गर्ने लेखाव्यवसायी संस्थाको वार्षिक कम्तिमा रु. एक करोड बराबरको कारोवार भएको,

(ञ) आवद्धता लिन चाहने लेखा व्यवसायी संस्था (फर्म) र आवद्धता दिन चाहने अर्को लेखाव्यवसायी संस्थाबीच हुने सहमति वा सम्झौता पत्रमा कम्तीमा निम्न लिखित विषयहरु खुलेको हुनुपर्नेछ :

- **आवद्धता अवधि र नविकरणको प्रकिया**
- **आवद्धता शुल्क**
- **आवद्धता दिने लेखाव्यवसायी संस्थाले आबद्धता लिने फर्मको गुणस्तर आश्वस्तता सुनिश्चित गर्ने प्रक्रिया**
- **तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धी व्यवस्था**
- **सदस्य फर्महरु स्वतन्त्र रहने तथा दायित्व वहन सम्बन्धित फर्मले गर्ने विषय तथा सोको स्वघोषणा सम्बन्धि विषय**
- **साझा ब्राण्ड प्रयोग गर्ने तथा सो सम्बन्धि शर्तहरु**

खण्ड ७

शाखा कार्यालय सम्बन्धी

१३. (क) लेखाव्यवसायी फर्मले शाखा कार्यालय खोल्न चाहेमा नियम ६३ को आधारमा देहाय बमोजिमको विवरणहरु खुलाई संस्थामा **नियमावलीको अनुसूची ४ मा तोकिएको शुल्क सहित अनुसूची ३५ बमोजिमको ढाँचामा**[37] निवेदन दिनु पर्नेछ ।

(१) शाखा कार्यालयको व्यवस्थापनमा रहने समान श्रेणी र वर्गको सदस्यको नाम, थर र ठेगाना

(२) शाखा कार्यालय रहने पुरा ठेगाना

(ख) उपकार्यविधि (क) बमोजिमको निवेदन प्राप्त भएको मितिले ३० दिन भित्र विभाग को सिफारिसमा कार्यकारिणी समितिले मनासिव देखेमा शाखा खोल्ने स्वीकृति दिन सक्नेछ ।

(ग) ......हटाइएको ।[38]

(ग१) उपकार्यविधि (क) र (खं) मा जुनसुकै कुरा लेखिएको भएतापनि विदेशमा शाखा कार्यालय खोल्नको लागि निवेदन प्राप्त भएमा उपकार्यविधि (क) (१) बमोजिम शाखा कार्यालयको व्यवस्थापनमा रहने सदस्य समान श्रेणी र वर्गको सदस्य हुन आवश्यक हुने छैन । साथै विदेशमा शाखा कार्यालय खोल्नको लागि पेश गरिने उपकार्यविधि (क)

[37] पहिलो संशोधनद्वारा संशोधित

[38] पहिलो संशोधनद्वारा खारेज

बमोजिमको निवेदनका साथमा शाखा कार्यालय खोलिने देशको कानुन परिपालना गर्ने स्वघोषणा समेत पेश गर्नुपर्नेछ ।[39]

(घ) देहायको कुनै अवस्थामा शाखा कार्यालय बन्द गर्न सकिनेछ ।

१. परिषद्बाट शाखा कार्यालय बन्द गर्ने आदेश भएमा,

२. एकल लेखाव्यवसायी फर्मका धनीले वा साझेदारी लेखाव्यवसायी फर्म भए सबै साझेदारहरुले साझेदार बैठकको निर्णय सहित शाखा कार्यालय बन्द गर्न संयुक्त निवेदन दिएमा,

३. एकल लेखाव्यवसायी फर्मको हकमा प्रोप्राइटरको नाम सदस्यता दर्ता किताबबाट हटाईएमा वा निजको पेशागत प्रमाणपत्र रद्द गर्ने निर्णय भएमा,[40]

खण्ड ८

विविध

१४. फर्म दर्ता प्रमाणपत्र रद्धः भुलवश वा गल्तीले फर्म दर्ता भएको प्रमाणपत्र जारी भएको कुरा संस्थालाई जानकारी हुन आएमा सोको जाँचबूझ गरी कार्यकारीणी समितिले त्यस्तो फर्म दर्ता प्रमाणपत्र रद्ध गर्न सक्नेछ ।

१५. (क) प्रमाणपत्र लिन सकिनेः नियमावली बमोजिम प्रदान गरिएको फर्म दर्ता प्रमाणपत्र हराएमा, नष्ट भएमा वा अन्य कुनै कारणबाट काम नलाग्ने भएमा संस्थामा निवेदन दिनु पर्नेछ ।

(ख) उपकार्यविधि (क) बमोजिम परेको निवेदनको व्यहोरा मनासिव देखेमा **विभागले परिषद्ले तोकेको**[41] दस्तुर लिई फर्म दर्ताको अर्को प्रतिलिपि प्रमाणपत्र **उपलब्ध गराउनेछ ।**[42]

१६. कार्यविधि संशोधन/व्याख्या तथा बाधा अड्काउ फुकाउने : ऐन, नियमावलीको अधिनमा यस कार्यविधिको संशोधन, व्याख्या तथा बाधा अड्काउ फुकाउने अधिकार परिषदलाई हुनेछ ।

---

[39] पहिलो संशोधनद्धारा थप

[40] पहिलो संशोधनद्धारा थप

[41] पहिलो संशोधनद्धारा संशोधित

[42] पहिलो संशोधनद्धारा संशोधित

१७. खारेजी र बचाउ

(क) लेखाव्यवसायी संस्था (फर्म) दर्ता कार्यविधि, २०६६ खारेज गरिएको छ ।

(ख) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि लेखाव्यवसायी संस्था (फर्म) दर्ता कार्यविधि, २०६६ बमोजिम भए गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची १
कार्यविधि १२ संग सम्बन्धित

श्री कार्यकारी निर्देशकज्यू,
नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्था
सातदोबाटो ।

विषय : विदेशमा दर्ता भएको लेखा व्यवसायी फर्मसँग आबद्धताको लागि स्वीकृति दिनुहुन ।

महोदयः
मैले / हामीले विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्था (फर्म) सँग संझौता गरी उक्त संस्था संग आवद्धता लिई लेखाव्यवसाय संचालन गर्ने उद्देश्यले देहायका बिबरण खोली परिषदबाट स्वीकृतिका लागि यो निवेदन पेश गरेको छु/छौं ।

विदेशमा दर्ता भएको लेखाव्यवसायी संर्स्थाको नामः ....
पूरा ठेगानाः ....
संस्था दर्ता भएको देशः ....
दर्ता भएको निकायको नामः ....
निकायको कानुनी हैसियतः ....
विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थाको इमेल, वेबसाइटः ....
अन्तराष्ट्रिय लेखा व्यवसायी महासंघमा आवद्धः भएको /नभएको
विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थासंग सम्झौता भएको मितिः ....

सम्झौता अवधिः ....
सम्बन्ध झल्कने शब्दः ....

सम्झौता सम्बन्धी अन्य मुख्य विवरणः ....

संलग्न प्रमाणका प्रतिलिपिहरु :

(क)

(ख)

(ग)

फर्मको नामः ....

ठेगानाः ....

फर्म नं.: ....

फर्मको प्रोप्राइटर/साझेदारको नामः ....

दस्तखत :

नाम थर :

सदस्यता नं.:

ठेगानाः

अनुसूची १क[४३]

कार्यविधि १२क. संग सम्बन्धित

श्री कार्यकारी निर्देशकज्यू,

नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्था,

सातदोबाटो ।

विषय : स्वदेशी लेखा व्यवसायी फर्मसँग आबद्धताको लागि स्वीकृति दिनुहुन ।

महोदयः

मैले / हामीले तहाँ संस्थामा दर्ता भएको लेखाव्यवसायी संस्था (फर्म) सँग संझौता गरी उक्त संस्था संग आवद्धता लिई लेखाव्यवसाय संचालन गर्ने उद्देश्यले देहायका बिबरण खोली परिषदबाट स्वीकृतिका लागि यो निवेदन पेश गरेको छु/छौं ।

आवद्धता प्रदान गर्ने संस्थामा दर्ता भएको लेखाव्यवसायी संस्थाको नामः ....

संस्था दर्ता नं..............................

पूरा ठेगानाः ....

लेखाव्यवसायी संस्थाको इमेल, वेबसाइटः ....

लेखाव्यवसायी संस्थासंग सम्झौता भएको मितिः ....

सम्झौता अवधिः ....

सम्बन्ध झल्कने शब्दः ....

सम्झौता सम्बन्धी अन्य मुख्य विवरणः

....

संलग्न प्रमाणका प्रतिलिपिहरु :

(क)

(ख)

(ग)

43 पहिलो संशोधनद्वारा थप

आवद्धता लिने लेखाव्यवसायी फर्मको नामः ....

ठेगानाः ....

फर्म नं.: ....

फर्मको प्रोप्राइटर/साझेदारको नामः ....

दस्तखत :

नाम थर :

सदस्यता नं.:

ठेगानाः

अनुसुची २

कार्यविधि ३(१)(ज) संग सम्बन्धित

साझेदारी सम्झौता पत्र(पार्टनरसीप डिड)

तपसील बमोजिम ....जना नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका चार्टर्ड एकाउन्टेन्ट/.................. वर्गका रजिष्टर्ड अडिटर सदस्यहरुबीच देहाय बमोजिमका शर्त बन्देजको अधिनमा रही साझेदारीमा .... एसोसिएट्स/एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स/रजिष्टर्ड अडिटर्स नामको साझेदारी फर्म दर्ता गरी संचालन गर्न हामी साझेदारहरुको एक आपसमा सहमति भएकोले तपसीलमा लेखिएका शर्तहरु पालना गर्न मन्जुर भई यो साझेदारी सम्झौता पत्र तयार गरी सहीछाप गरी .... देखि लागु हुनेगरी १/१ प्रति राखी १ प्रति नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा पेश गरेका छौं ।

तपसील

क. सं.	साझेदारको नाम	सदस्यता नं.	वर्ग	पे प्र प नं.	एकल फर्म नं.	सम्पर्क नं.
१						
२						
३						
४						

तीनपुस्ते विवरण

क. सं.	साझेदारको नाम	नागरीकता नं., मिति र जिल्ला	बाबुको नाम	बाजेको नाम
१				
२				
३				
४				

१. प्रस्तावित फर्मको नामः

नेपालीमा ....

अंग्रेजीमा ....

२. फर्मको उद्देश्यः

यस फर्मको उद्देश्य नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को अधिनमा रही लेखाव्यवसाय गर्ने रहेको छ ।

३. फर्मको ठेगानाः

जिल्ला ....,

गा. पा/न पा/उ म न पा/म न पा ....

वडा नं. ...., मार्ग ....

टोल .... घर नं. ....

पो.ब.नं. ...., टेलिफोन ....

ईमेल ....

४. पूँजी, लगानी, सम्पत्ति र मुनाफाः

सबै साझेदारहरुको लगानी, नाफा नोक्सान बाँडफाँड, सम्पत्ति/जायजेथामा देहाय बमोजिम हिस्सा रहनेछ ।

क. सं.	**साझेदारको नाम**	**लगानी रकम**	**हिस्सा प्रतिशत**	**कैफियत**

५. नयाँ साझेदार भित्रिने र राजिनामाः

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थालाई लिखित जानकारी दिई यस फर्ममा रहेका सबै साझेदारहरुको लिखित मन्जुरीमा नयाँ साझेदार भित्रिने र भएका साझेदारहरु राजिनामा गरी बाहिरीन सक्नेछन् ।

६. नयाँ साझेदार भित्रिने वा साझेदारले साझेदारी छाड्ने कार्यविधि

७. साझेदारी भंग हुने व्यवस्था

८. साझेदारी भंग हुँदा फर्मको नाम कायम राख्ने/नराख्ने व्यवस्था

९. साझेदारी भंग हुंदा व्यवसाय, सम्पत्ति र दायित्वको बाँडफाँड

१०. साझेदारीबाट अलग हुने साझेदारको दायित्वसम्बन्धी व्यवस्था

११. गोपनियताः

यस फर्मका प्रत्येक साझेदारले कानूनले बाध्य पारेको अवस्थामा बाहेक यस फर्मको कुनै पनि सूचना सरोकारवाला बाहेक अरु कसैलाई दिइने छैन ।

१२. फर्मको अर्थिक वर्षः

प्रत्येक वर्षको श्रावण १ गतेदेखि आषाढ मसान्तसम्मको अवधिलाई फर्मको आर्थिक वर्ष मानिने छ ।

१३. स्रेस्ता राख्ने

यस साझेदारी फर्मको हिसाब किताब सवै साझेदारले हेर्न सकिने गरी ऐन कानूनअनुसार नेपाली वा अंग्रेजी भाषामा श्रेस्ता राखिनेछ । प्रत्येक आर्थिक वर्ष पूरा भएको ६ महिना भित्र मान्यता प्राप्त लेखापरिक्षकबाट लेखापरीक्षण गराउने छन् ।

१४. पारिश्रमिकः

साझेदारहरु बीच आपसी छलफलद्धारा तय गरी उचित पारिश्रमिक दिइनेछ ।

१५. विवाद समाधानः

फर्म संचालन सम्बन्धमा साझेदारहरुबीच कुनै विवाद परेमा आपसी समझदारीमा समाधान गरिनेछ । आपसी समझदारीमा समाधान नभएमा प्रचलित कानून बमोजिम हुनेछ ।

१६. फर्मको प्रतिनिधित्वः

यस फर्मको प्रतिनिधित्व साझेदारहरुको आपसी सहमति बमोजिम हुनेछ ।

१७. बैकिंग कारोबारः

यस फर्मको खाता .... मा वा आवश्यकता अनुसार कुनैपनि वाणिज्य बैंकमा खोल्न सकिने छ । बैंक खाता देहाय बमोजिमका साझेदार वा निजहरुले लिखित अख्तियार दिएको अन्य साझेदार वा व्यक्तिको दस्तखतबाट संचालन हुनेछ ।

१८. कर्मचारीहरुको नियुक्तिः

यस फर्मका दैनिक प्रशासनिक तथा लेखापरीक्षण कार्य सूचारु रुपले संचालन गर्न आवश्यक कर्मचारी नियुक्त गर्ने अधिकार देहाय बमोजिमका साझेदारहरुलाई हुनेछ ।

....

१९. संशोधनः

यो सम्झौतामा उल्लिखित शर्तहरु दुवै पक्षको आपसी सहमतिमा संशोधन गरी .... को स्वीकृति लिई आबश्यक संशोधन गर्न सकिने छ ।

२०. यस सम्झौता पत्रमा लेखिएका कुराहरुको हकमा सोही बमोजिम र यसमा लेख्न छुट भएका कुराहरुको हकमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली तथा लेखाव्यवसायी संस्था दर्ता सम्बन्धी कार्यविधि र यसमा पछि हुने संशोधन सहितको अधिनमा रही हुनेछ ।

२१. संस्थाले समय समयमा तोकेका अन्य कुनै बिषयहरु

साझेदारहरु

साझेदारहरुको नाम	**हस्ताक्षर**	**साक्षीहरुको नाम**	**हस्ताक्षर**

इति सम्वत् २० साल............................महिना...........गते रोज.................

शुभम् ।